मुस्ताङको बारागुङ मुक्तिक्षेत्रको एक्लेभट्टी कागबेनीबीचको जोमसोम-कोरला राजमार्ग सडकमा घोडामा सवार विदेशी पर्यटक। सवारीसाधन चल्ने भए पनि घोडचढीको फरक अनुभूति लिन पर्यटक लालायित हुन्छन्। ● सुन्दरकुमार थकाली

दुम्कीबासको पक्की पुल शनिबारबाट सञ्चालनमा आउने

रमेश बस्ताकोटी | *नवलपुर*

दुम्कीबासस्थित विनयी खोलामा नवनिर्मित पक्की पुल आउँदो शनिबारबाट सञ्चालनमा आउने भएको छ। नारायणगढ बुटवल सडक आयोजना पूर्वी खण्डका प्रमुख ईश्वरबहादुर रिजालले शनिबारदेखि पक्की पुल सञ्चालनमा आउने बताए। रिजालले सोमबार चिनियाँ ठेकेदार कम्पनी कन्सल्टन्ट र आफूबीच भएको सल्लाहअनुसार आउँदो शनिबार साँझबाट त्यहाँ यातायात सञ्चालन हुने बताए।

विनयी खोलामा ५२ वर्षअघि निर्माण गरिएको फलामे पुलमा मालवाहक गाडी हिँड्दा गत पुस २६ गते भाँच्चिएपछि त्यहाँ डाइभर्सन सडकमार्फत यातायात सञ्चालन हुँदै आएको छ। वर्षाका कारण पटक-पटक डाइभर्सन बगाउँदा यो मार्ग हुँदै यात्रा गर्ने यात्रुले दैनिक सास्ती खेप्दै आएका छन्। दुई साताअगाडि पुल नहुँदा सो डाइभर्सनमा ३८ जना यात्रु बोकेको बस फसेको थियो। त्यतिबेला सबै यात्रुको तत्काल उद्धार भएको थियो।

उता दुम्कीबासदेखि करिब ४ किलोमिटर पश्चिममा रहेको विश्वकर्मा बाबाको मन्दिर आसपासमा सामान्य वर्षा हुनसाथ हिलोमा गाडी फस्ने र जाम हुने समस्या अर्भै उस्तै छ।

आयोजना प्रमुख रिजालले चिनिया ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसन र परामर्शदाता कम्पनीलाई अबको दुई महिना सबै शक्ति दाउन्ने सडकमा केन्द्रित गरेर काम गर्न निर्देशन दिएको बताए।

चामल भन्दै चिनी तस्करी

हरि शर्मा | *परासी*

नवलपरासीमा चामल भनेर साढे ३ करोड रुपैयाँको चिनीको तस्करी भएको खुलेको छ। राजस्व अनुसन्धान कार्यालय बुटवल कार्यालयले गरेको अनुसन्धानका क्रममा नवलपरासीका विभिन्न सीमा नाकाबाट भन्सार छलेर ल्याइएका चिनीलाई चामल भनेर बिक्रीका लागि पठाउने गरेको खुलेको हो। त्यसरी अवैध रूपमा कारोबारमा संलग्न चार जनाविरुद्ध राजस्व अनुसन्धान कार्यालय बुटवलले उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरेको छ।

नवलपरासीको रामग्राम नगरपालिका-८ परासीस्थित नवज्योती ट्रेडर्सले ३ करोड ४७ लाख रुपैयाँ बराबरको चिनीलाई चामल उल्लेख गरी बिक्रीका लागि विभिन्न ठाउँमा पठाउने गरेको फेला परेको हो। उक्त ट्रेडर्सका सञ्चालक सौरभ यादव हुन्। पछिल्लो समय उक्त ट्रेडसले सुर्खेतस्थित आगवन स्टोर्स एन्ड अर्डर सप्लायर्सका सञ्चालक पुष्पा शर्मालाई चामलको बिल बनाई ११ लाख ७१ हजार रुपैयाँ बराबरको चिनी पठाएको अवस्थामा ट्रकसहित पक्राउ परेपछि उक्त अवैध धन्दा बाहिर आएको हो। यसअघि यादवले तीन पटकसम्म चामलको बिल बनाएर चिनी पठाएको पाइएको राजस्व कार्यालयले जनाएको छ। चौथो पटकमा यादवको अवैध धन्दा बाहिरिएको हो।

ट्रक पक्राउ परेपछि अवैध रूपमा चिनी पठाउने नवज्योति ट्रेडर्सले बिक्री गरेको बिल, खरिद गरेको बिल र भीसीटीएस चेकजाँच गर्दा नमिलेपछि चामलको बिलमा चिनी राखेर पठाउने गरेको पाइएको राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख अनुसन्धान अधिकृत विवेक घिमिरेले बताए।

'उक्त ट्रेडसको खरिद/बिक्री बिल र खाता जाँच गर्दा खरिद स्रोत नै देखिएन, चार पटकसम्म त्यसरी राजस्व छली गरेर चामलको बिलमा चिनी पठाएको पुष्टि भएपछि अनुसन्धान गरेर मुद्दा चलाइएको हो', घिमिरेले भने।

अनुसन्धानका क्रममा ५० लाख रुपैयाँभन्दा बढी कारोबार गरे पनि मूल्य अभिवृद्धि करमा दर्ता नभएको र पटकपटक चामलको बिल बनाई अवैध रूपमा भन्सार चोरी पैठारी गरी ल्याइएको भारतीय चिनीको कारोबार गरेको देखिएकाले नवज्योति ट्रेडर्सका सञ्चालक यादवलाई मूल्य अभिवृद्धि कर र भन्सार चोरी पैठारीतर्फको ३ करोड ४७ लाख ६२ हजार बिगो कायम गरी शतप्रतिशत जरिवानासहित कुल ६ करोड ९५ लाख २५ हजार रुपैयाँसहित हदैसम्मको कैद सजाय माग गरेर मुद्दा दायर गरिएको छ। त्यसैगरी सामान खरिद गर्ने सुर्खेतस्थित आगवन स्टोर्स एन्ड अर्डर सप्लायर्सका सञ्चालक पुष्पा शर्माले अवैध रूपमा चिनी लैजादै गरेकाले भन्सार चोरी पैठारीतर्फको ११ लाख ७१ हजार रुपैयाँ बिगो कायम गरी सामान जफतसहित शतप्रतिशत जरिवाना गरी कुल २३ लाख ४३ हजार रुपैयाँ माग दाबीसहित मुद्दा दायर गरिएको प्रमुख अनुसन्धान अधिकृत घिमिरेले बताए।

त्यस्तै, अवैध सामान खरिद गर्ने पुष्पालाई प्रत्यक्ष सघाएको अभियोगमा हिक्मतप्रसाद आचार्यलाई पुष्पालाई हुने सजायको आधा सजाय माग गरिएको छ। त्यस्तै, मुद्दा दायर गरिएका ट्रकचालक विनोद थापा भने ५० हजार धरौटीमा छुटेको प्रमुख अनुसन्धान अधिकृत घिमिरेले जानकारी दिए। घिमिरेबाहेक अन्य व्यक्ति फरार रहेको राजस्व अनुसन्धान कार्यालयले जनाएको छ।

नागार्जुनका...

सम्पत्ति शुद्धीकरणमा पनि कसुर ठहर

अदालतले बस्नेतबाट बिगो १३ करोड १२ लाख ७३ हजार ३२ रुपैयाँ ३३ पैसाको सम्पत्ति शुद्धीकरणको कसुर गरेको ठहर गरेको छ।

बस्नेतलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने फैसला सुनाएको छ। २६ करोड २५ लाख ४६ हजार ६४ रुपैयाँ ६६ पैसा जरिबाना हुने र सम्पत्ति/जग्गासमेत जफत हुने ठहर गरेको छ। यसका अतिरिक्त बस्नेतलाई सम्पत्ती शुद्धीकरण (मनी लाउनडरिङ) निवारण ऐन २०६४ को दफा ३० को उपदफा ७ बमोजिम राष्ट्रसेवकले गरेको सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा थप १० प्रतिशत सजाय हुने कानुनी व्यवस्था भएको र आरोप दाबीमा सोतर्फको सजाय मागदाबीसमेत गरेको देखिँदा ठहर भएको सम्पत्ति शुद्धीकरणतर्फको सजायमा निम्नबमोजिम थप १० प्रतिशत सजायसमेत हुने ठहर गरेको छ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (३) बमोजिम बस्नेतबाट १ करोड ५ लाख १ हजार ४२ रुपैयाँ ५८ पैसा पीडित राहत कोषमा दाखिला गर्नुपर्ने फैसला गरेको छ। पद्मा कोलोनी प्रालि, पद्मा मर्चेन्ट कम्पनी प्रालि र सो कम्पनीहरूको अध्यक्ष राजुप्रसाद कँडेलबाट जनही ९ लाख २२ हजार ४ सय ६० रुपैयाँ ३२ पैसा क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा दाखिला गर्नुपर्ने समेत ठहर गरेको छ।

शरद्चन्द्र शाह मेमोरियल फाउन्डेसनद्वारा एससीएसएमएफ स्पोटस अवार्डको दोस्रो संस्करण

काठमाडौं (अन्नपूर्ण) : शरद् चन्द्र शाह मेमोरियल फाउन्डेसन (एससीएसएमएफ) ले आफ्नो वार्षिक एससीएसएमएफ स्पोर्टस अवार्डको दोस्रो संस्करण असार १३ गते काठमाडौंको कमलादीस्थित होटल रोयल सीङ्गीमा सम्पन्न गरेको छ। नेपाली खेलकुदमा योगदान पुर्‍याएका स्थापित हस्ती र उदाउँदा प्रतिभालाई सम्मान गर्ने उद्देश्यले स्थापित यो पुरस्कार समारोहमा एक वरिष्ठ र एक युवा खेलाडीलाई सम्मान गरिएको छ।

यस वर्षको अवार्ड नेपाली फुटबलका महान् हस्ती तथा पूर्वकप्तान राजुकाजी शाक्यलाई प्रदान गरियो। नेपाली फुटबलमा खेलाडी तथा प्रशिक्षकको रूपमा उनले पुर्‍याएको अतुलनीय र उत्कृष्ट योगदानको कदर गर्दै सम्मान प्रदान गरिएको हो। शाक्यको नेतृत्वमा नेपालले दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक स्वर्ण पदक जितेको थियो।

त्यसैगरी, ससीएसएमएफ स्पोर्टस अवार्डबाट नेपाली महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीलाई पनि सम्मान गरियो। देशमा भलिबल खेलको विकास र महिला खेलाडीहरूलाई प्रेरणा प्रदान गर्न उनले पुर्‍याएको महत्वपूर्ण योगदानका लागि सम्मानित गरिएको हो।पुरस्कार स्वरूप दुवै जनालाई २ लाख ५० हजार रुपैयाँ प्रदान गरियो।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/१७ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर रकमसमेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणी: इन्दू चौधरी बुवाको नाम: रामदेव चौधरी पतिको नाम : खड्ग ब. चौधरी ससुराको नाम: बखुलाल चौधरी ठेगाना : राजघाट-३, मोरङ ना.प्र.नं. : ३७७४/२५४४, जारी मिति : २०४६/११/१० जारी गर्ने कार्यालय : जि.का.मोरङ **कर्जा लिएको शाखा : बेलवारी मोरङ** **जमानीकर्ताको विवरण** **क) नाम : खड्ग बहादुर चौधरी** बुवाको नाम: बखुलाल चौधरी बाजेको नाम: सोमन्याक चौधरी ठेगाना : राजघाट-३, मोरङ ना.प्र.नं.: २७७/७४३, जारी मिति: २०४३/११/०१ जारी गर्ने कार्यालय: जि.प्र.का., मोरङ, उर्लावारी **सुरक्षणमा रहेको धितोको विवरण:** श्री मालपोत कार्यालय बेलवारी, मोरङमा खड्ग बहादुर चौधरीको नाममा दर्ता कायम रहेको मोरङ जिल्ला, राजघाट(बेलवारी) न.पा. वडा नं. ७(ख) स्थित कि.नं. ११२८ र ११२७ को क्षेत्रफल क्रमश: १६.९३ र ६६०.३५ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत।	**ख) नाम : अनिता चौधरी** बुवाको नाम: खड्ग बहादुर चौधरी बाजेको नाम : बखुलाल चौधरी ठेगाना : उर्लावारी-८, मोरङ ना.प्र.नं. : ०५-०२-७७-००४९८ जारी मिति: २०७७/०५/२८ जारी गर्ने कार्यालय: जि.प्र.का.,मोरङ **ग) नाम : सुमिता चौधरी** बुवाको नाम: खड्ग बहादुर चौधरी बाजेको नाम : बखुलाल चौधरी ठेगाना : राजघाट-३, मोरङ ना.प्र.नं.:०५-०२-७२-०४६५५ जारी गर्ने कार्यालय: जि.प्र.का., उर्लावारी, मोरङ **घ) नाम: सानिया चौधरी** बाबुको नाम: खड्ग बहादुर चौधरी बाजेको नाम: बखुलाल चौधरी ठेगाना: उर्लाबारी-०८, मोरङ हाल: उर्लाबारी-०८, मोरङ ना.प्र.नं. : ०५-०२-८१-०४२३२ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ जारी मिति : २०८१/०८/०६

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १७ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : कोटिहवा शाखा

ऋणीको विवरण
नाम : **भूमि ब्युटी होम** प्रोप्राइटरको नाम : वेगम रोका मगर उ.द.नं. : १९४५८/०७६/०७७ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७६/०९/१४ रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १५, कोटिहवा स्थायी लेखा नं. : ६०९१२४०६४
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) केहर सिंह रोकाको नातिनी दल बहादुर रोकाह मगरको छोरी पाल्पा जिल्ला मस्याम वडा नं. ८ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने **वेगम रोका मगर** (ना.प्र.नं. : ३९१०५०/४२१ जारी मिति र जिल्ला : २०६७/०१/०५, पाल्पा)
२) केहर सिंह रोकाको बुहारी दल बहादुर रोकाह मगरको पत्नी पाल्पा जिल्ला मस्याम वडा नं. ८ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने **मन कुमारी रोकाह** (ना.प्र.नं. : १७८१ जारी मिति र जिल्ला : २०४५/०२/०२, पाल्पा)
३) मेग बहादुर माहाको छोरी टेक बहादुर राकसको बुहारी श्रीप्रसाद राकसको पत्नी गुल्मी जिल्ला हुँगी वडा नं. ७ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने **सावित्रा राकस** (ना.प्र.नं. : ४११००९/८४२६३ जारी मिति र जिल्ला : २०६६/०९/२३, रुपन्देही)
४) थमान सिं घर्ति मगरको छोरी मधु प्रधानको बुहारी रविन थापाको पत्नी पाल्पा जिल्ला हेक्लाङ गा.वि.स वडा नं. ७ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **दिल माया थापा** (ना.प्र.नं.२९-०१-७२-१०६४५, जारी मिति र जिल्ला : २०७२/१२/०१, पाल्पा)

२) शाखा कार्यालय : विरगंज शाखा

ऋणीको विवरण
राम चन्द्र तिवारीको नाति श्री राजेन्द्र तिवारीको छोरा पर्सा जिल्ला विरगंज वडा नं. १४ हाल, विरगंज उ.म.न.पा. वडा नं. ११ बस्ने **चन्देश्वर तिवारी** (ना.प्र.नं. : ३४३०२२१४/५७ जारी मिति र जिल्ला : २०६४/०१/११, पर्सा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
राजेन्द्र तिवारीको नाति चन्देश्वर तिवारीको छोरा पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. १४ हाल, वडा नं. ११ बस्ने **राहुल तिवारी** (ना.प्र.नं. : ३४-०१-७३-०८३७९ जारी मिति र जिल्ला : २०७३/०८/०६, पर्सा)

३) शाखा कार्यालय : विरगंज शाखा

ऋणीको विवरण
प्रभु साह कानुको बुहारी राजु साह कानुको पत्नी पर्सा जिल्ला विरगंज उ.म.न.पा वडा नं. ६ हाल, वडा नं. ८ बस्ने **निर्मला देवी** (ना.प्र.नं. : ३४-२१-७३-१३२६७ जारी मिति र जिल्ला : २०७३/१२/१७, पर्सा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
जोगी साह कानुको नाति प्रभु साह कानुको छोरा पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. ८ बस्ने **राजु साह कानु** (ना.प्र.नं. : ३४३०२२/१३० जारी मिति र जिल्ला : २०६३/१२/२७, पर्सा)

४) शाखा कार्यालय : विरगंज शाखा

ऋणीको विवरण
विपिन पटवाको बुहारी अमरलाल पटवाको पत्नी पर्सा जिल्ला विरगंज वडा नं. ९ हाल, विरगंज उ.म.न.पा. वडा नं. १३ बस्ने **संगीता देवी** (ना.प्र.नं. : १०९३७ जारी मिति र जिल्ला : २०६८/१२/३०, पर्सा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) विपिन पटवाको बुहारी राजन साह कानुको पत्नी बारा जिल्ला बहुअरी वडा नं. ८ हाल, पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. १३ बस्ने **मुनी देवी** (ना.प्र.नं. : ३३१०८९/४७७४ जारी मिति र जिल्ला : २०७०/०६/०३, बारा)
२) रामजी क्षेत्रीको छोरी सत्य नारायण मिश्रको बुहारी राम बाबु मिश्रको पत्नी सिराहा जिल्ला रामनगर वडा नं. ४ हाल, पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. १० बस्ने **तारा कुमारी** (ना.प्र.नं. : २५५४ जारी मिति र जिल्ला : २०५१/११/२३, सिराहा)

५) शाखा कार्यालय : कमलामाई शाखा

ऋणीको विवरण
भगत लाल चौधरीको बुहारी राजेश चौधरीको पत्नी महोत्तरी जिल्ला सिमरदहि गा.वि.स. २ हाल, सिन्धुली जिल्ला कमलामाई न.पा. ६ बस्ने **विजयता कुमारी चौधरी** (ना.प्र.नं. : ८७४७४९२८ जारी मिति र जिल्ला : २०६८/०३/१४, महोत्तरी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) श्रीलाल चौधरीको नाति जय कृष्ण चौधरीको छोरा महोत्तरी जिल्ला मटिहानी न.पा.वडा नं. ९ हाल, सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ५ बस्ने **रोशन कुमार चौधरी** (ना.प्र.नं. : ८७४७२९२८ जारी मिति र जिल्ला : २०५८/१०/१८, महोत्तरी)
२) नर बहादुर कार्कीको नाति पेज बहादुर भन्ने पोस बहादुर कार्कीको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ४ बस्ने **सन्तोष कार्की** (ना.प्र.नं. : २०१०५४/७४९ जारी मिति र जिल्ला : २०६७/०४/२१, सिन्धुली)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ